# दलाल व्यवसायीको ईजाजत पत्रको लागि सिफारिश छनौट विधि

धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ५७ उपदफा २(ग) र धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम ३ वमोजिम धितोपत्र दलाल व्यवसायीको ईजाजत पत्रको हकमा सम्वन्धित धितोपत्र बजारको सिफारिश पत्र लिनु पर्ने कानूनी प्रावधान अनुसार धितोपत्र बोर्डको समेत सहमति लिई नेपाल धितोपत्र विनिमय बजार लि. ले देहाय अनुसारको दलाल व्यवसायीको ईजाजतको लागि सिफारिश छनौट विधि वनाएको छ ।

(१) दलाल व्यवसायीको लागि दरखास्त आव्हान गर्ने :

पैतीस (३५) दिनको म्याद दिई दर्खास्त आव्हान गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने ।

(२) दरखास्त दिनको लागि योग्यता :

तोकिएको म्याद भित्र देहाय अनुसारका योग्यता पुगेका कम्पनीले रीतपूर्वक दरखास्त दिन सक्नेछन ।

(क) कम्पनी ऐन, २०६३ अनुसार धितोपत्र कारोवार गर्ने प्रमुख उद्देश्य तथा कार्य भई कम्तिमा दुई संस्थापक रहेको प्रा. लि. वा पव्लिक कम्पनीको रुपमा दर्ता भएको संगठित संस्था हुनु पर्नेछ ।

(ख) संगठित संस्थाका शेयरधनी प्राकृतिक व्यक्ति हुनु पर्नेछ ।

(ग) संगठित संस्था (प्रा.लि. भएमा) को न्यूनतम चुक्ता पूँजी रु. २० लाख हुनु पर्नेछ भने पव्लिक कम्पनीको चुक्ता पूँजी कम्तिमा एक करोड हुनु पर्नेछ ।

(घ) संगठित संस्थाको संचालक र प्रवन्ध निर्देशक (संचालक सहितको कार्यकारी प्रमुख) २१ बर्ष उमेर पुगेको नेपाली नागरिक हुनु पर्ने ।

(ङ) शेयरधनी/संचालक/प्रवन्धक निर्देशक बैंक वा वित्तीय संस्थासंगको कुनै कारोवारमा कालो सूचिमा नरहेको हुनु पर्ने ।

(च) संचालक तथा प्रवन्धक निर्देशक व्यापार प्रशासन वा वाणिज्य शास्त्र वा अर्थशास्त्रमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातक वा सो सरहको CA उपाधि प्राप्त गरेको हुनु पर्नेछ ।

(छ) संचालक तथा प्रवन्ध निर्देशक धितोपत्र बजार, बैंक, वित्तीय, लेखा, व्यवस्थापन, उद्योग, वाणिज्य सम्बन्धी कार्यमा संगठित क्षेत्रमा कम्तिमा दुई बर्षको कार्य अनुभव भएको हुनु पर्ने ।

(ज) संचालक, प्रवन्ध निर्देशक एवं कम्पनीको कर चुक्ता गरेको प्रमाण पत्र पेश गर्नु पर्ने ।

(३) अयोग्यता :

धितोपत्र दलाल व्यवसायीको रुपमा दर्ता हुन चाहने संगठित संस्थाको संचालक तथा प्रवन्ध निर्देशकको देहायको कुनै अयोग्यता हुनु हुंदैन ।

(क) वहुलाएको वा मगज विग्रेको ।

(ख) साहूको ऋण तिर्न नसकी दामासहीमा परेको ।

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतवाट सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको पाँच बर्ष नपुगेको ।

(घ) ठगी, भ्रष्टाचार, जालसाजी तथा कीर्ते गरेको कसूरमा अदालतवाट सजाय पाएको ।

(ङ) संस्थापक/संचालक/कार्यकारी प्रमुख/प्रतिनिधि र कर्मचारी संलग्न कुनै धितोपत्र व्यवसायीको रुपमा दर्ता भएको संगठित संस्थावाट खराव आचरणका कारण वरखास्त भई त्यसरी वरखास्त भएको मितिले पाँच बर्ष व्यतित नभएको ।

(च) धितोपत्र व्यवसायीको प्रमाण पत्र प्राप्त अन्य संगठित संस्थाको संस्थापक/संचालक भएको,

(छ) धितोपत्र व्यवसायीको प्रमाण पत्र प्राप्त संगठित संस्थासंग ठेका पट्टा वा अन्य निजी स्वार्थ भएको ।

(ज) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच बर्ष पूरा नभएको ।

(झ) धितोपत्र बोर्ड, धितोपत्र बजार वा अन्य धितोपत्र व्यवसायीको कार्यकारी प्रमुख, संचालक, संस्थापक, प्रतिनिधि तथा वहालवाला कर्मचारीहरु तथा उनीहरुका नजीकका नातेदारहरुवाट प्रवर्द्धन गरिएको संगठित संस्था । (नजीकका नातेदार भन्नाले कम्पनी ऐन २०६३ को दफा १(त्र) अनुसार एकासगोलको अंशियार वा पति, पत्नी, वावु, आमा, सासू, ससुरा, दाजु, भाई, दिदी, वहिनी, भाउजु, वुहारी, साला, साली, भिनाजु, काका, काकी, मामा, माईजु, छोरा, छोरी वुहारी, नाति, नातिनी वुहारी, वा ज्वाईलाई सम्झनु पर्छ ।)

(ञ) कर चुक्ता नभएमा ।

(ट) सूचिकृत संगठित संस्थामा संचालक, वहालवाला कर्मचारी वा लेखापरीक्षक रहेको ।

(ठ) धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम १८ को अनुसार अन्य कुनै अयोग्यता भएको ।

(४) <u>प्रतिवद्धता जाहेर गर्नु पर्ने :</u>

संगठित संस्थाले दरखास्तसाथ देहाय अनुसार आधारभूत संरचना तोकिएको समयमा तयार गर्ने प्रतिवद्धता पत्र प्रस्तुत गर्नु पर्नेछ । प्रस्तुत प्रतिवद्धता पत्रमा सम्वन्धित संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत समावेश हुनु पर्नेछ :

(क) सर्वसाधारण लगानीकर्ताहरुको पहुँच सहज हुने स्थानमा न्यूनतम २०० बर्ग फिट भएको कार्यालयको व्यवस्था गर्ने ।

(ख) कम्तिमा दुई लाईन टेलिफोन, फ्याक्स मेसिन, तीन थान कम्प्यूटर, प्रिन्टर लगायत कार्यालय संचालनका लागि आवश्यक अन्य सामग्रीहरुको व्यवस्था गर्ने ।

(ग) आफ्नो कम्पनीको webpage र e-mail ठेगाना राख्नुको साथै लगानीकर्ताको आदेशलाई समयक्रमानुसार दर्ता गरी कार्यान्वयन गर्न Time Stamping Machine समेतको व्यवस्था गर्ने ।

(घ) Wide Area Network (WAN) Connectivity मा जाने ।

(ङ) कम्तिमा स्नातक तह उत्तीर्ण गरेका एकजना सहित कम्तिमा पाँच जना कर्मचारीको व्यवस्था गर्ने ।

(च) धितोपत्र कारोवारको हिसाव राफसाफ गर्न तोकिएको बैंकमा खाता खोल्ने र समय समयमा तोके अनुसारको न्यूनतम मौज्दात राख्ने ।

(छ) धितोपत्र विनिमय बजार र धितोपत्र बोर्डले वेला-वेलामा तोकेको नियम/विनियम/ निर्देशन/ शर्तहरु मान्ने ।

(५) <u>दर्खास्त साथ पेश गर्नु पर्ने कागजातहरु :</u>

नेपाल धितोपत्र विनिमय बजार लि. को बैंक खातामा रु. ५००।- जम्मा गरेको भौचर वुझाई दरखास्त फाराम उपलव्ध गराईने छ ( दरखास्त फारामसाथ सिफारिश छनौट विधिको पुस्तिका समेत उपलव्ध गराईने छ । ) । दरखास्त फाराम साथ तोकिएको समयावधि भित्र देहाय अनुसार दरखास्त दस्तुर सहित तोकिएको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(क) रु.३,५००।- दरखास्त दस्तुर वुझाएको बैंक भौचर ।

(ख) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ग) कर दर्ता प्रमाण पत्रको प्रतिलिपी (पुरानो कम्पनीको हकमा नवीकरण भएको बर्ष खुलाउने) ।

(घ) संगठित संस्थाको प्रवन्धपत्र र नियमावली ।

(ङ) कम्पनीको पूँजीको संरचना (पूँजी, बचत तथा कोष, ऋण पूँजी तथा चुक्ता पूँजी) भुक्तानी सम्वन्धी प्रमाण ।

(च) सम्पत्तिको विवरण (संगठित संस्थाको स्थिर र चालु पूँजीको विवरण) ।

(छ) संगठित संस्थाको संस्थापक/संचालक/प्रवन्ध निर्देशक नागरिकता, शैक्षिक योग्यता र अनुभवको प्रमाणित प्रतिलिपी ।

(ज) वित्तीय विवरण (विगत तीन बर्षको यथार्थ र आगामी तीन बर्षको प्रक्षेपित । यदि नयाँ संस्था भएमा प्रक्षेपित वित्तीय विवरण मात्र ।)

(झ) दलालको ईजाजत प्राप्त गरे पश्चात आधारभूत संरचना तयार गर्न सम्वन्धित संगठित संस्थाको संचालक समितिले गरेको निर्णय सहितको प्रतिवद्धता पत्र । (माथि उल्लेख गरे अनुसार)

(ञ) तीन वर्षको व्यवसायीक योजना (Business Plan)

(६) शर्तहरु (Terms and Conditions) :

(क) सदस्य दलालको अनुमति पत्र लिन चाहने संस्थाका संचालक/प्रवन्ध निर्देशक कम्तिमा २५% र अर्को संचालकले १५% शेयर ग्रहण गरेको हुनु पर्ने छ । तर पव्लिक लिमिटेड कम्पनीको हकमा प्रवन्ध निर्देशकले १०% र संचालकले न्यूनतम ५% शेयर लिएको हुनु पर्नेछ । यस्ता व्यक्तिले संस्थाको तर्फवाट निवेदन दिन सक्नेछ ।

(ख) सदस्य दलालको ईजाजत पत्र सिफारिशका लागि संस्थापक/संचालक/प्रवन्ध निर्देशकमा तोकिएका योग्यता (Quality) हुनु पर्नेछ ।

(ग) यस्तो संस्थापक/संचालक/प्रवन्ध निर्देशकले ग्रहण गरेको शेयर कम्तिमा पाँच बर्षसम्म कसैलाई पनि हस्तान्तरण गर्न पाउने छैन । तर निजको मृत्यु भई शेयर नामसारी हुने सम्बन्धमा यो लागू हुने छैन ।

(घ) यदि पाँच वर्ष पश्चात निजहरुले आफ्नो स्वामित्व हस्तान्तरण गर्दा जुन योग्यता भएको व्यक्तिको मूल्याङ्कनबाट सिफारिश दिईएको छ सो व्यक्तिको समान वा सोभन्दा वढी योग्यता भएको व्यक्तिलाई मात्र हस्तान्तरण गर्न सकिने छ ।

(ङ) विनिमय बजारले सिफारिश दिन अपनाउने छनौट प्रकृयामा यस्तो प्रवन्ध निर्देशक स्वयं संलग्न हुनु पर्नेछ ।

(च) प्रवन्ध निर्देशकले तोकिएको छनौट प्रकृयामा संलग्न भई ईजाजत प्राप्त गरे पछि सक्रिय रुपमा कार्य गरी कम्तिमा पाँच बर्षसम्म दलाल व्यवसायीको सेवा छोड्न पाउने छैन ।

(छ) धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ६५ अनुसार आधिकारिक प्रतिनिधि नियुक्त नगरी कारोवार गर्न/गराउन पाउने छैन ।

(ज) नेपाल धितोपत्र विनिमय बजार, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमन निकायले समय-समयमा दिने/दिएको आदेश, निर्देशन पालना गर्नु पर्नेछ ।

(झ) धितोपत्र व्यवसायी कम्पनीले धितोपत्र कारोवार गर्न गराउन निरन्तर सक्रिय रहनु पर्नेछ ।

(ञ) पव्लिक लि. को रुपमा दर्ता भएको व्यवसायी कम्पनीले प्रा. लि. मा परिणत गर्न पाईने छैन ।

(७) <u>दरखास्त प्रशोधन तथा छनौट प्रकृया :</u>

(क) रितपूर्वक आवेदन दिएका; रितपूर्वक आवेदन दिएकामध्ये वस्तुगत परीक्षाका लागि छनौट भएका; वस्तुगत परीक्षामा उत्तीर्ण भएका र सिफारिशका लागि अन्तिम छनौट भएका सवै संगठित संस्थाको सूचि सूचना पाटीमा र यस लि. को website मा समेत राखिने छ ।

(ख) सूचिमा परेका आवेदकहरु मध्ये देहाय अनुसारको छनौट विधि १ (८.१) र २ (८.२) अनुसार प्राप्ताङ्कको आधारमा प्राथमिकता क्रमानुसार आवश्यक संख्याको वढीमा २० गुणा आवेदक संस्थालाई वस्तुगत परीक्षाका लागि छनौट गरिने छ । यदि रितपूर्वकको आवेदन दिने संगठित संस्थाको संख्या आवश्यक संख्याको २० गुणा वा सो भन्दा कम भएमा ती आवेदकहरु स्वत: वस्तुगत परीक्षाका लागि छनौट हुनेछन ।

(८) <u>दलाल व्यवसायी छनोट विधि (Selection Criteria)</u>

| | |
|---|---|
| १. प्रवन्ध निर्देशकको योग्यता, अनुभव र तालिम | ५० अंक |
| २. अर्को संचालकको योग्यता, अनुभव र तालिम एवं कम्पनीको किसिम र पूँजी | २५ अंक |
| ३. वस्तुगत परीक्षा | २५ अंक |
| कुल | १०० अंक |

८.१ <u>छनौट विधि १</u> : प्रवन्ध निर्देशकको योग्यता, अनुभव र तालिम

(क) योग्यता - ३५ अंक

| तह/श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| स्नातक (व्यवस्थापन/अर्थशास्त्र) वा सो सरहको CA | २५ | २३ | २१ |
| स्नातकोत्तर (व्यवस्थापन/अर्थशास्त्र) वा सो सरहको CA | (अतिरिक्त अंक) १० | (अतिरिक्त अंक) ८ | (अतिरिक्त अंक) ६ |

नोट : श्रेणी नखुलेकोमा द्वितीय श्रेणीको अंक दिईने छ।

(ख) धितोपत्र बजार, बैंक, वित्तीय, लेखा, व्यवस्थापन, उद्योग, वाणिज्य सम्बन्धी काम गरेको अनुभव - १० अंक

(संस्थागत क्षेत्रमा कार्य गरेको दुई बर्षको अनुभवलाई ६ अंक र त्यो भन्दा वढी प्रत्येक बर्षको १ अतिरिक्त अंक गरी वढीमा ४ बर्षको अंक दिईने।)

(ग) धितोपत्र बजार, बैंकिङ्ग, वित्तीय, लेखा व्यवस्थापन, उद्योग वाणिज्य सम्बन्धी तालिम - ५ अंक

(दुई हप्ता वा सोभन्दा वढीको एक तालिमलाई ३ अंक र अतिरिक्त अर्को दुई हप्ते वा सोभन्दा वढीको प्रत्येक तालिम एक अंकका दरले वढीमा दुई अंक दिईने छ।)

८.२ छनौट विधि २ : संचालकको योग्यता, अनुभव र तालिम एवं कम्पनीको किसिम र पूँजी

(क) संचालकको योग्यता, अनुभव र तालिम - १५

(अ) योग्यता - १० अंक

| तह/श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| स्नातक (व्यवस्थापन/अर्थशास्त्र) वा सो सरहको CA | ७ | ६.२५ | ५.५० |
| स्नातकोत्तर ( व्यवस्थापन, अर्थशास्त्र) वा सो सरहको CA | (अतिरिक्त अंक) ३ | (अतिरिक्त अंक) २.५ | (अतिरिक्त अंक) २ |

नोट : श्रेणी नखुलेको हकमा द्वितीय श्रेणीको अंक दिईने छ।

(आ) धितोपत्र बजार, बैंकिङ्ग, वित्तीय, लेखा, व्यवस्थापन, उद्योग वाणिज्य क्षेत्रमा कार्य गरेको अनुभव - ३ अंक

(संस्थागत क्षेत्रमा कार्य गरेको दुई बर्षको अनुभवलाई दुई अंक र त्यो भन्दा वढी प्रत्येक बर्षको ०.५ अंक गरी वढीमा दुई बर्षको अंक दिईने छ ।)

(इ) धितोपत्र बजार, बैंकिङ्ग, वित्तीय, उद्योग वाणिज्य सम्बन्धी तालिम - २ अंक

(दुई हप्ता वा सो भन्दा वढीको एक तालिमलाई एक अंक र अर्को दुई हप्ता वा सोभन्दा वढीको प्रत्येक तालिमको ०.५ अंकका दरले वढीमा एक अंक दिईने छ ।)

(ख) कम्पनीको किसिम र पूँजी - १० अंक

(अ) कम्पनीको किसिम ५ अंक

पव्लिक कम्पनी लि. ५ अंक

प्राईभेट लि. ३ अंक

(आ) कम्पनीको चुक्ता पूँजी - ५ अंक

| | | | | |
|---|---|---|---|---|
| प.लि. (रु. लाख)* | १५० भन्दा वढी | १२६-१५० | १०१-१२५ | १०० |
| प्रा. लि. (रु. लाख)* | ५० भन्दा वढी | ४१-५० | ३१-४० | २०-३० |
| अंक | ५ | ४.५ | ४ | ३.५ |

*०.५ लाखभन्दा वढी भएमा एक लाख गणना गरिने छ ।

माथि उल्लेखित छनौट विधि १ र २ अनुसार छानिएका संगठित संस्थाहरुको प्रवन्ध निर्देशकसंग देहायको वस्तुगत परीक्षा (छनौट विधि ३) लिईने छ ।

८.३ छनौट विधि - ३ वस्तुगत परीक्षा - २५ अंक

मूल्याङ्कनमा छानिएका संगठित संस्थाहरुका प्रवन्ध निर्देशकसंग देहायको बिषयमा वस्तुगत परीक्षा (Objective Test) लिईने छ ।

कुल वस्तुगत प्रश्न ९०

समय : ९० मिनेट

उत्तीर्णाङ्क : ३० प्रतिशत

वस्तुगत परीक्षाको लागि पाठ्यक्रम

- नेपालको वित्तीय प्रणाली
- पूँजी बजार
- विनिमय बजार र धितोपत्र बोर्ड
- धितोपत्र व्यवसाय
- धितोपत्र ऐन तथा यस सम्वन्धी नियमावली/विनियमावली, कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था ऐन ।
- नेपालको अर्थतन्त्र वारे सामान्य जानकारी

(९) अन्तिम छनौट प्रकृया :

लिखित परीक्षामा उत्तीर्ण भई माथि उल्लेखित छनौट विधिको १ (८.१) र २ (८.२) अनुसार प्राप्त अंक सहित उच्चतम अंक ल्याउने ३४* वटा आवेदक संस्थाहरु प्रत्येकबाट धितोपत्र बजारको पूर्वाधार विकासको लागि रु. पाँच लाख रकम (फिर्ता नहुने) लिई अनुमतिका लागि धितोपत्र बोर्डमा सिफारिश गर्ने । धितोपत्र बोर्डबाट अनुमति प्राप्त नभएको खण्डमा यस्तो रकम फिर्ता दिईने छ ।

*यदि ३४औं नम्वरको आवेदकसंग प्राप्ताङ्क वरावर भएमा गोलाप्रथाद्वारा छनौट गरिने छ ।

(१०) सिफारिशका लागि छनौट समितिको गठन :

उपर्युक्त प्रकृया अनुसार आवेदक संस्थाहरुको छनौट गरी सिफारिश गर्न नेपाल धितोपत्र विनिमय बजारको महाप्रवन्धकको संयोजकत्वमा देहायका प्रतिनिधिहरु समेतको छनौट समिति रहने छ । सो समितिले छनौटको सिफारिश संचालक समितिमा गर्नेछ र संचालक समितिले यस सम्वन्धी निर्णय गरे पश्चात विनिमय बजारले सदस्य दलालको ईजाजत पत्रको लागि आवश्यक सिफारिश पत्र दिनेछ ।

| | | |
|---|---|---|
| प्रतिनिधि, नेपाल सरकार, अर्थमन्त्रालय | १ जना | सदस्य |
| प्रतिनिधि, नेपाल राष्ट्र बैंक | १ जना | सदस्य |
| पूँजी बजार विज्ञ | १ जना | सदस्य |
| प्रवन्धक, नेपाल धितोपत्र विनिमय बजार | १ जना | सदस्य सचिव |

-o-